# अध्याय एक

# शोधको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषाका सम्बन्धमा नयाँ नयाँ कुराको खोजी गर्न, भाषाको इतिहास, प्रयोग र उपलब्धिबारे व्याख्या तथा विश्लेषण गरी नवीनतम तथ्य पहिल्याउन गरिएको शोधकार्यलाई नै अनुसन्धान भनिन्छ (भट्टराई, २०६५, पृ. १) । त्यसैले अनुसन्धान शब्दको अर्थ नै कुनै विषय, विचार वा धारणाका सम्बन्धमा राम्ररी खोज गर्नु भन्ने हुन्छ । अनुसन्धान शब्दको पर्यायवाची शब्दका रूपमा शोध, अन्वेषण, गवेषणाजस्ता शब्दहरू पनि प्रयोग भएको देखिन्छ । प्रतीयमान अर्थमा ‘ शोध ’ शब्दले शैक्षिक, प्राज्ञिक एवम् भाषिक क्षेत्रमा देखा परेका समस्याहरूको समाधान गर्ने कुरालाई पनि सम्बोधन गरेको कुरा स्पष्ट हुन्छ (पूर्ववत्, २०६५, पृ.१) । अतः कुनै विषय, विचार एवम् धारणा आदि क्षेत्रमा जब कुनै समस्या देखापर्छ त्यहाँनेर अनुसन्धान (शोध) को आवश्यकता पर्दछ । यस्तो अनुसन्धान समसामयिक र ज्वलन्त रूपमा देखा परेका समस्यामा केन्द्रित हुनुपर्दछ । उपर्युक्त सैद्धान्तिक पक्षहरूको अध्ययनका आधारमा हेर्दा कक्षा दशको नेपाली किताबमा समावेश गरिएका कविता विधामा प्रयुक्त शब्दहरूको अध्ययन गर्ने प्रयास गरिएको छ । जुनसुकै र जस्तोसुकै कविताको पनि सर्वप्रथम शब्दार्थ ज्ञान आवश्यक हुन्छ । यसको ज्ञान नभएसम्म त्यसको विश्लेषण सम्भव छैन । शब्दज्ञान नभएमा यसको रसास्वादमा बाधा समेत पर्ने भएकाले शब्दज्ञान नै महत्त्वपूर्ण कार्य मानेर यस दिशातर्फको कार्यमा प्रस्तुत शोधप्रस्ताव तयार भएको हो र यसै अनुसार शोधपत्र पनि तयार गरिएको छ ।

कविताका श्लोकमा वाक्यात्मक कोटिमा आएर शब्द कुन पदवर्गका रूपमा के-कसरी प्रयोग हुन्छन् भन्ने कुराको जानकारी नहुने पाठकहरूका लागि बोध र रसास्वादका सन्दर्भमा जटिल समस्याको विषय हुने गरेका छ । यसका साथै त्यस्ता शब्दहरूको वास्तविक अर्थ पत्ता लगाई बुझ्न र प्रयोग गर्न समेत समस्या उत्पन्न हुने गरेको छ । शब्दको मूल स्रोत वा मूल रूप बोध भएपछि मात्र शब्दको वास्तविक र सान्दर्भिक अर्थ बोध हुन्छ, जसले गर्दा विद्यार्थीहरूलाई भाषिक सीपहरूको ज्ञान गर्न र शिक्षकलाई उक्त विषयको शिक्षण गर्न सहज हुन्छ । यसर्थ शब्दार्थबारे सबै जानकार हुनु पर्दछ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधपत्र निम्नलिखित समस्यामा केन्दित रहेको छ :

(१) कक्षा दशको नेपाली किताबको कविताहरूमा के-कस्ता शब्दहरू प्रयोग भएका छन् ?

(२) ती शब्दहरूको शब्दवर्गगत स्थिति कस्तो छ ?

(३) त्यस्ता शबदहरूको स्रोतगत स्थिति कस्तो छ ?

## १.३ शोधको उद्देश्य

उपर्युक्त समस्याहरूको समाधान प्रस्तुत गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ । शोधपत्रका उद्देश्यहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(१) कक्षा दशको नेपाली कविताहरूमा प्रयुक्त शब्दहरू सङ्कलन गर्नु,

(२) सङ्कलित शब्दको शब्दवर्गगत स्थिति देखाउनु,

(३) उक्त शब्दहरूको स्रोतगत स्थिति देखाउनु,

## १.४ शोधकार्यको औचित्य र महत्व

नेपाली भाषाको जननी संस्कृत भाषा मानिन्छ । नेपाली भाषा र साहित्यको अध्ययन अध्यापन गराउँदा तत्सम र आगन्तुक शब्दहरूको पनि प्रयोग हुने गर्दछन् । अन्ततः संस्कृत भाषाबाट धेरै शब्दहरू प्राप्त गरेर नै नेपाली भाषा पुष्ट भएको छ । संस्कृत भाषाबाट नेपालीमा आउँदा रूप फेरिएर आएका शब्दलाई तद्भव शब्द भनिएको छ (अवस्थी र शर्मा, २०५५, पृ. १३८) । तद्भव शब्द सामान्यतया संस्कृतबाट प्राकृत हुँदै नेपालीमा आएका छन् । साहित्यकार, भाषाशास्त्री एवम् अन्य लेखकहरूले आ-आफ्ना लेख रचनाहरूमा तत्सम, तद्भव, आगन्तुक शब्दहरूको प्रयोग गर्ने गरेका छन् । यसरी शब्दहरू प्रयोग गर्ने क्रममा तद्भव शब्दहरू बढी प्रयोग हुनु, ती शब्दहरूको संस्कृत मूलरूप थाहा नहुनु, अत्याधिक जटिल शब्दहरू प्रयोग हुनुले नेपाली भाषा र साहित्यका पाठक, श्रोता एवम् प्रयोगकर्तालाई दुर्बोध्यता र भाषिक विकर्षणतिर धकेले जस्तो हुने गरेको छ । यी र यस्ता कुराहरूलाई ध्यानमा राखेर कुन कृतिमा कस्ता कस्ता शब्द प्रयोग भएका छन् ? ती शब्दहरूको स्रोत कुन हो? तिनका वर्ग के के हुन ? आदि जस्ता समस्यामा केन्द्रित भई गरिएका यस्ता अध्ययनले भाषा साहित्यानुरागी पाठक तथा शिक्षक विद्यार्थीहरूको लागि सहित्यिक अध्ययन अध्यापनतर्फ आकर्षित बनाउन मद्दत गर्दछ । शब्दहरूको समुचित अध्ययन गरिने यस शोधकार्यले सम्बन्धित तहमा प्राप्त कठिनतालाई केही सरलता हासिल गराउने छ ।

प्रस्तुत शीर्षकको शोधकार्यमा कक्षा दशको नेपाली किताबमा समाविष्ट कविताहरूमा प्रयुक्त शब्दहरूलाई अकारादि वर्णनुक्रमका आधारमा व्यवस्थित गरी राखिएको छ । त्यसपछि पदवर्ग छुट्याई व्युत्पन्न शब्दको बनोट प्रक्रिया समेत प्रस्तुत गरिएको यो शोधकार्य स्वतः औचित्यपूर्ण र महत्वपूर्ण रहेको छ । भविष्यमा ती शब्दहरूले विभिन्न सन्दर्भमा आएर के कसरी भाषागत अभिव्यक्तिको कार्य गर्दछन् भन्ने कुरामा जानकारी लिन चाहने सम्पूर्ण व्यक्तिहरू, पाठक, विद्यार्थी शिक्षक पाठ्यक्रम निर्माता तथा पाठ्यपुस्तक तयार गर्ने विद्वानहरू समेतका लागि यो शीर्षकको शोधपत्र महत्वपूर्ण र उपयोगी रहने विश्वास लिइएको छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

यो शोध कार्य नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा तयार पारिएको कक्षा दशको २०७४ सालको नयाँ पाठ्यक्रमअनुसार लागु गरिएको नेपाली किताबमा समावेश गरिएका कविताहरूमा प्रयुक्त शब्दहरूको स्रोत र वर्गका आधारमा अध्ययन गर्ने कार्यमा मात्र केन्द्रित रहेको छ । यो अनुसन्धान कक्षा १० को नेपाली किताबको कविता विधामा प्रयुक्त शब्दहरूको शब्दवर्ग र शब्द स्रोतमा मात्र सीमित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

अध्याय एक : शोधको परिचय

अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या र विश्लेषण

अध्याय पाँचः सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

## २.१ शब्दभण्डारका सन्दर्भमा भएका पूर्वकार्यको समीक्षा

शब्दहरूको समूहलाई शब्दभण्डार भनिन्छ (शर्मा, २०५४ पृ. ७३) । शब्द अभिव्यक्तिको मुख्य स्रोत हो । शब्द वर्ण वा वर्ण समूहबाट बनेको सार्थक एकाइ हो । शब्द आफैमा स्वतन्त्र हुनुका साथै प्रयोग योग्य पनि हुन्छ । प्रयोग योग्य हुन्छ भन्नुको अर्थ यो अर्थवान् पनि हुन्छ भन्ने हो । भाषिक सम्प्रेषणमा निरर्थक एकाइहरूको खासै स्थान हुँदैन । शब्दले विभिन्न शब्दस्रोतको प्रतिनिधित्व गर्दै शब्दकोशमा प्रविष्ट पाउने गर्दछ । शब्दभण्डारका सम्बन्धमा विदेशी तथा स्वदेशी भाषाविद्हरूले आ-आफ्नै तवरबाट अध्ययन गरेका छन् । सबैले शब्द र अर्थको सम्बन्ध नित्य र स्थिर हुन्छ भन्ने कुरा प्रमाणित गरेका छन्  (दवाडी, २०७१) ।

शब्दभण्डारका सम्बन्धमा आफ्नो अध्ययनलाई अगाडि बढाउने पाश्चात्य विद्वान्हरूमा थर्नडाइक (सन् ९१९२१ र १९३१) कर्नले (सन् १९२६), एड्वर्ड्स र भिभियान, (सन १९४६) आदिले बालभाषाका सम्बन्धमा आ-आफ्नो अअध्ययन अघिसारेका छन् । शब्दभण्डारकै क्रममा भर्तृहरि र डा. भोलानथ तिवारीको पनि लगाव उत्तिकै पाइन्छ (खतिवडा, २०६८) ।

नेपाली भाषाको विकासमा पनि प्रशस्त अध्ययन र अनुसन्धान भएका छन् । नेपाली भाषाको विकास र प्रयोगका सन्दर्भमा शब्दभण्डारको अध्ययन शब्दभण्डारलाई अध्ययनको सहायक आधार र शब्दभण्डारमै केन्द्रित भई दुई प्रकारले गरिएको पाइन्छ । शब्दभण्डारमै आफ्नो अध्ययनलाई केन्द्रित गरेर अध्ययन गर्नेमा प्रा. डा. कृष्णगोपाल रस्तोगी (न १९८७) र डा. गोपीकृष्ण काफ्ले देखिन्छन् । मूलतः शब्दभण्डारमै केन्द्रित भएर आफ्नो अनुसन्धानलाई पूर्णता दिने अर्का भाषविद्मा प्रा.डा.पारसमणि भण्डारी देखापर्छन् । उनले आफ्नो विद्यावारिधि उपाधिका लागि प्रस्तुत **प्रथमिक तह (कक्षा १-३) का विद्यार्थीहरूका लागि शब्दभण्डारको निरूपण** शीर्षकको शोधप्बन्धमा कक्षागत रूपमा अपेक्षा गरिएका आधारभूत नेपाली शब्दभण्डारको सङ्ख्या निर्धारण गर्ने, आधारभूत शब्दको निर्धारण गर्ने, निर्धारित आधारभूत शब्दभण्डारलाई अक्षरसङ्ख्या र पदवर्ग आदिका आधारमा विभाजन एवम व्याख्या विश्लेषण गर्ने जस्ता महत्वपूर्ण कार्य गरेका छन् । भण्डारीले तराई, पहाड र उपत्यकाका जिल्लाहरूका डेढ दर्जन विद्यालयहरूलाई छनोट गरी स्थलगत अध्ययन गरेर ५४० विद्यार्थीहरूबाट लिखित र मौखिक नमूना छनोट गरी प्राथमिक तहका विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको सूक्ष्म अध्ययन गरेर महत्वपूर्ण कार्य गरेमा छन् । अध्ययनका क्रममा कक्षा १,२ र ३ का विद्यार्थीहरूका लागि क्रमशः १२०१, ६०१ र ७०१ शब्दहरू सिफरिस गरी पदवर्गका कोटिहरू नाम पदवर्ग, क्रियापद वर्ग, विशेषण पदवर्गका दृष्टिले शब्दसूची तयार गरेका छन् (खतिवडा, पृ. २०६८) ।

अचार्य, होमप्रसाद (२०५४) द्वारा **कक्षा पाँच पूरा गरेका विद्यर्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन** शीर्षकको शोधपत्रमा तराई, पहाड र उपत्यकामा अध्ययनरत विद्यर्थीहरूको शब्दभण्डार तथ्याङ्कन गरी पहिचानात्मक शब्दको तुलनामा पहाडी भेगका विद्यार्थीहरूमा तुलनात्मक हिसाबले कम भएको कुरा निष्कर्ष निकालिएको छ (थापा, २०६१) । प्रस्तुत शोधपत्रबाट सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुगेको छ ।

कार्की युद्धबहादुर (२०५५) द्वारा शब्दभण्डारका स्रोतका रूपमा **नेपाली राष्ट्रिय दैनिक पत्रिका कान्तिपुरको शनिवारसरीय २०५५ साल कात्तिक २१ र २८ गते, मंसिर १२ र २९ गते पुस १८ र २५ गते, माघ २ र २३ गते तथा फगुन १ र १८ गते जम्मा १० अङ्कलाई आधार बनाएर गरिएको नेपालीमा प्रचलित संस्कृत शब्दहरूको आवृति अध्ययन** पनि शब्दभण्डारसँग सम्बन्धित महत्वपूर्ण वर्गीकरण र स्थान निर्धारण गरिएको छ (खतिवडा, २०६८)

खतिवडा, हरिनारायण (२०६८) द्वारा **कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा गरिएको अनुसन्धान महत्वपूर्ण मानिन्छ । अनावृत तत्सम र आवृत अन्य शबद गरी जम्मा १३,६८० शब्दहरू समेटेर गरिएको यो अध्ययन तहगत विद्यर्थीहरू र उक्त तहमा अध्यापन गराउने शिक्षकहरूका लागि पनि अति उपयोगी र समसामयिक बनेर देखापरेको छ । यस अध्ययनमा सङकलित तत्सम शब्दहरूको पदवर्ग, बनोट प्रक्रिया, वर्गगत स्थिति, वर्गहरूको पहिचान र वितरण स्थिति जस्ता कुरालाई स्पष्टसँग देखाइएको छ । कक्षा नौ को नेपाली पाठ्यपुस्तक अन्तर्गत अभ्यास खण्ड र थप सामग्री बाहेक छायाकोष्ठ र कविता, कथा, निबन्ध र जीवनी विधा भित्रका सबै तत्सम शब्दलाई समेटेर अनुसन्धान कर्ताले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उक्त शोधपत्रमा अनावृत तत्सम शब्दसंख्याको सापेक्षतामा नाम पदवर्ग ६७ प्रतिशत भएको र सर्वनामको प्रयोग नभएको कुरा समेत प्रस्तुत गरिएको छ ।

थापा, चन्द्रबहादुर, (२०६१) द्वारा **कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन** शीर्षकको शोधपत्रमा तत्सम र अन्य शब्द गरी जम्मा १५,९११ शब्दहरू रहेको निष्कर्ष निकालिएको छ । यो अध्ययन तहगत विद्यार्थीहरू र उक्त तहमा अध्यापन गराउने शिक्षकहरूका लागि पनि अति समसामयिक बनेर देखापरेको छ । यस अध्ययनलाई अनुसन्धानकर्ता थापाले अरु कथा, कविता, जीवनी र निबन्धजस्ता कुनै एक वा दुई विधासँग सम्बन्धित भएर आफ्नो अध्ययन अगनडी बढाएका भए अरु विशेषीकृत बन्न सक्ने थियो ।

दवाडी, नारदप्रसाद, (२०७१) द्वारा **'ॠतुविचार खण्डकाव्यमा पयुक्त तद्भव शब्दहरूको अध्ययन'** शीर्षकको शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा खण्डकाव्यका छओटा विचारभित्र प्रयुक्त तद्भव शब्दहरूको मात्र शब्दस्रोत, बनोट प्रक्रिया तथा वर्ग वितरणको अनावृत अध्ययन गरिएको छ । उक्त अध्ययनले साहित्य सृजनामा तद्भव शब्द प्रयोगको अवस्थालाई जनाएको छ ।

भट्टराई, शङ्करप्रसाद, (२०५२) द्वारा **तरुणतपसी नब्यकाब्यमा प्रयुक्त शब्दहरूको आवृत्ति र तत्सम शब्दको अर्थ** शीर्षकमा गरिएको अनुसन्धान अन्तर्गत तत्सम, तद्भव र आगन्तुक शब्दहरूको वर्णानुक्रम आवृति सङ्ख्या देखाउँदै १४,३९९ शब्दहरूलाई अध्ययनको क्रममा समावेश गरेको पाइन्छ । जसमध्ये ४६३२ तत्सम शब्द भएको कुरा समेत प्रस्तुत गरिएको छ । उक्त शोधपत्रले **त्यो** सर्वनाम पद सबभन्दा बढी २७७ पटक र **वा** तत्सम शब्द अन्तर्गत सबभन्दा बढी आवृति भएको कुरा स्पष्ट पारेको छ । यस शोधपत्रले 'तरुणतपसी' नब्यकाब्य अध्ययन गर्ने अध्येताहरूका लागि आवश्यक सहजता प्राप्त हुन्छ  (खतिवडा, २०६८) ।

त्यसैगरी श्रेष्ठ, रामकुमारले सिन्धुली बहुमुखीक्याम्पसबाट २०७२ सालमा **कक्षा दशको नेपाली किताबमा प्रयुक्त तद्भव शब्दहरूको अध्ययन** शीर्षकको शोधपत्र तयार गरेका छन् ।

त्यस्तै प्रधान, लक्ष्मीले सिन्धुली बहुमुखी क्याम्पसबाट २०७२. सालमा **कक्षा आठको नेपाली किताबको कवितामा प्रयुक्त शब्दहरूको अध्ययन र वर्गीकरण** शीर्षको शोधपत्र तयार गरेकी छन् । यस शोधपत्रबाट प्रस्तुत शोधपत्रको तथ्याङ्क सङ्कलनमा सहयोग पुगेको छ ।

## २.२ पूर्वाध्ययनको उपादेयता

भाषा विचार विनिमयका साधन हो । भाषाले भाषाका विभिन्न रूपहरूमार्फत् व्यक्तिदेखि हरेकका विचारलाई विभिन्न शैलीबाट सहयोग गरिरहेको सन्दर्भमा भाषामा आवश्यक शब्दभण्डार र यसको सान्दर्भिक प्रयोग तथा विभिन्न स्रोतबाट प्राप्त शब्दको प्रभावबारे जानकारी दिने हुँदा यसको उपादेयता स्वतः रहने विश्वास गर्न गरिएको छ ।

पूर्वकार्य हाम्रो इतिहास हो । इतिहासमा भए गरेका घटना वा कामले वर्तमानमा कार्य गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ भने भविष्यको लक्ष्य निर्धारण गर्न पनि सहयोग गर्दछ । यो शोधपत्र तयार गर्दा पनि यस अघि भएका यस अध्ययनसँग मिल्दाजुल्दा विषयवस्तुमा विद्वानहरूले दिएका परिभाषा तथा शोधकर्ताहरूले तयार गरेको शोधपत्रलाई सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ । जसले गर्दा यो शोधपत्र तयार गर्दा आएका कतिपय अस्पष्टता तथा कठिनाइलाई हटाउन पूर्वकार्यको अध्ययनले महत्त्वपूर्ण  आधार प्रदान गरेको छ । साथै भविष्यमा यस्तै शोधपत्र तयार गर्न चाहने शोधार्थीहरूका लागि सामग्री सङ्कलन तथा अध्ययन गर्न सहज हुने भएकाले यस पूर्वाध्ययनको उपादेयता स्वतः झल्किएको छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

प्रस्तुत शोधकार्य वा अध्ययनको ढाँचा वर्णनात्मक र पुस्तकालयीय अध्ययन प्रक्रियामा आधारित रहेको छ । यसमा सर्वप्रथम कक्षा दशको नेपाली किताबमा समाविष्ट कविताहरूबाट शब्दहरू वर्णनुक्रमानुसार सङ्कलन गरी ती शब्दहरूलाई वर्णानुक्रममा शब्दवर्ग र स्रोतका आधारमा तालिकामा प्रस्तुत गरिएको छ । यसै गरी सोही आधारमा अध्ययनको समस्या र उद्देश्यानुसार निष्कर्ष दिइएको छ ।

## ३.२ जनसङ्ख्या र अध्ययनको क्षेत्र

पाठ्यक्रम विकास केन्दले प्रकाशन गरेको कक्षा १० को नेपाली किताब प्रस्तुत शोधको जनसङ्ख्या हो ।  नेपाल सरकार शिक्षामन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरले २०७४ सालमा प्रकाशन गरेको कक्षा दशको नेपाली किताबमा समावेश गरिएका कविताहरूमा प्रयुक्त शब्दहरूको अध्ययन यसको अध्ययन क्षेत्र अध्ययन यसको अध्ययन क्षेत्र रहेको छ ।

## ३.३ नमुना छनोट

पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित भएका पाठ्यपुस्तकहरूमध्ये कक्षा दशको नेपाली किताबलाई अध्ययनका लावि छनोट गरिएको छ । यसका लागि असम्भावना नमुना छनोटअन्तर्गत रही उद्देश्यपूण रूपमा नमुना छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्क / सूचना सङ्लनका उपकरणहरू वा सामग्री निर्माण

अध्ययनका लागि आवश्यक सूचना सङ्कलन उपकरण वा सामग्री कक्षा दशको नेपाली किताबका अतिरिक्त विभिन्न शब्दकोशहरू रहेका छन् । उल्लिखित सामग्रीहरूको अध्ययन र उपयोग गरी सामग्री निर्माण गरिएको छ । जसमा नेपाली बृहत शब्दकोश तथा प्रयोगात्मक नेपाली शब्दको उपयोग गरेर शब्दहरूको स्रोत निर्क्यौल गरिएको छ भने शब्दवर्गगत अध्ययनका लागि वाक्यगत प्रयोगलाई आधार मानी सामग्री निर्माण गरिएको छ ।

### ३.५. तथ्याङक सूचना सङ्कलनका प्रक्रियाहरू

अध्ययनका लागि आवश्यक सूचना सङ्कलन मूलतः प्राथमिक स्रोतबाट सङ्लन गरिएको छ । कक्षा दशको नेपाली किताबलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ भने यसका अलावा द्वितीय स्रोतका रुपमा यस अघि भएका अनुसन्धान प्रतिवेदन, शब्दकोशका साथै

आवश्यकताअनुसार शोधनिर्देशक, भाषाविद् तथा विषय विज्ञहरूबाट पनि आवश्यक सूचनाहरू सङ्लन गएिको छ । प्रप्त सूचनाहरूलाई पुस्तकालयीय अध्ययन प्रक्रिया तथा पद्दतिका आधारमा व्यवस्थित गरिएको छ ।

## ३.६. तथ्याङ्क सङ्कलन तथा विश्लेषण प्रक्रिया

यो शोध कार्य गर्दा विशेषतः पुस्तकालयीय अध्ययन प्रक्रियाको अवलम्बन गरिएको छ । यद्यपि खोजविधिलाई पनि आंशिक रूपमा उपयोग गरिएको छ । सर्वप्रथम कक्षा दशको नेपाली किताबको कविताहरूमा प्रयुक्त शब्दलाई वर्णनुक्रमअनुसार उतार्ने कार्य गरिएको छ । शब्द उतार्दा प्रथमतः अभ्यास पुस्तिकामा कवितामा प्रयोग भएका शब्दहरूलाई क्रमैसँग टिपिएको छ । सम्पूर्ण शब्द टिपिसकेपछि बृहत् नेपाली शब्दकोश (२०४०), नेपाली प्रयोगात्मक शब्दकोश, नेपाली तत्सम शब्दकोशबाट सहयोग लिएर यी शब्दका स्रोत र शब्दवर्ग निश्चित गरी उल्लेख गरिएको छ । नाम, सर्वनाम, विशेषण, क्रिया, क्रिया विशेषण, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक छुट्याइएको छ । स्रोतअन्तर्गत तत्सम, तद्भव र आगन्तुक शब्दलाई छुट्याइएको छ ।

यसरी यी विविध विधि र प्रक्रिया अपनाई कक्षा दशको किताबको कविताहरूका प्रयुक्त शब्दहरूको प्रतिशत एकमुष्ट सङख्यामा मात्र उल्लेख गरिएको छ । सङ्कलित शब्दहरूको स्रोत र पदवर्ग निर्धारण गरी टङ्कण गरी शोधपत्रलाई अन्तिम रूप दिने कार्य गरिएको छ ।

# अध्याय चार
# व्याख्या तथा विश्लेषण

## ४.१ शब्दवर्गका आधारमा कक्षा दशको नेपाली किताबमा समावेश गरिएका कवितामा प्रयुक्त शब्दहरूको अध्ययन

शब्द भाषाको अत्यन्त महत्वपूर्ण पक्ष हो । शब्दज्ञान बिना भाषिकज्ञानको परिकल्पना नगरेपनि हुन्छ । भाषा शब्द शब्दको सिङ्गो रूप हो । शब्द वर्गीकरणका विभिन्न आधारहरू छन् । यस अध्यायमा कक्षा दशको नेपाली किताबमा समावेश गरिएका कवितामा प्रयुक्त शब्दहरूले गर्ने व्याकरणिक कार्य ( नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियाविशेषण, विस्मयादिबोधक, संयोजक र निपात ) का आधारमा अध्ययन गरिएको छ ।

### ४.१.१ शब्दवर्गको आधारमा कक्षा दशको नेपाली किताबको सन्तुष्टि शीर्षकको कवितामा प्रयुक्त शब्दहरूको अध्ययन

यस किताबमा समावेश गरिएका कविताहरूमध्ये दोस्रो पाठमा सन्तुष्टि शीर्षकको कविता समावेश गरिएको छ । भरतराज पन्तद्धारा रचित यस कवितामा जम्मा दुई दुई पाउको एक श्लोक गरी सात श्लोकहरू छन् । यस कतितामा प्रयुक्त शब्दहरूलाई वर्णानुक्रम अनुसार तालिकाबद्ध गरिएको छ । अध्ययनमा शब्दवर्गको आधारलाई ग्रहण गरिएको छ ।

| वर्ण | शब्द | वर्ग | कैफियत |
|---|---|---|---|
| अ | अडेको | क्रियाविशेषण | |
| | अन्याय | नाम | |
| | अर्का | सर्वनाम | |
| | अर्को (२) | सर्वनाम | |
| आ | आफ्नो | सर्वनाम | |
| | आफै | सर्वनाम | |
| | आत्तिने | क्रियाविशेषण | |
| | आँखा (२) | नाम | |
| इ | इलमी | विशेषण | |
| उ | उपकार | नाम | |
| ए | एउटै (२) | विशेषण | |
| | एक (२) | विशेषण | |
| ओ | ओत्न | क्रियाविशेषण | |
| क | कटकटाउनु | क्रिया | |
| | कर | नाम | |

| | | | |
|---|---|---|---|
| | कसले | सर्वनाम | |
| | कान | नाम | |
| | काम (३) | नाम | |
| | कुनै | सर्वनाम | |
| | कुरा | नाम | |
| ख | खाँचो | नाम | |
| | खाएर | क्रियाविशेषण | |
| | खाने | विशेषण | |
| | खोसे | क्रियाविशेषण | |
| | ख्याल | नाम | |
| | खोलोस् | क्रिया | |
| ग | गति | नाम | |
| | गम्म | क्रियाविशेषण | |
| | गर्ने | क्रियाविशेषण | |
| | गिलास | नाम | |
| घ | घाम | नाम | |
| | घुस | नाम | |
| च | चल्छ | क्रिया | |
| | चाहन्न (२) | क्रिया | |
| | चाहिन्न | क्रिया | |
| | चिनोस | क्रिया | |
| | चेतना | नाम | |
| | चैन | नाम | |
| छ | छ (५) | क्रिया | |
| | छटपटाउनु | क्रिया | |
| | छन् (२) | क्रिया | |
| | छुदैन | क्रिया | |
| | छैन (३) | क्रिया | |
| ज | जगत | नाम | |
| | जनता | नाम | |
| | जनार्दन | नाम | |
| | जमिन | नाम | |
| | जाँगर | नाम | |
| | जानेर | क्रियाविशेषण | |
| | जिभ्रो | नाम | |
| | जीवन | नाम | |
| | जोर | नाम | |
| झ | झुपडी | नाम | |

| | | | |
|---|---|---|---|
| ट | टम्म | क्रियाविशेषण | |
| | डाका | नाम | |
| त | त | निपात | |
| | तन | नाम | |
| | तल | क्रियाविशेषण | |
| | तातोस् | क्रिया | |
| | तीन | विशेषण | |
| | त्यसैले (२) | संयोजक | |
| द | दन्त | नाम | |
| | दुई | विशेषण | |
| | दुःख (२) | नाम | |
| | दुइटा | विशेषण | |
| | दुइटै | विशेषण | |
| | दुवै (२) | विशेषण | |
| | दुर्गन्ध | नाम | |
| ध | धन | नाम | |
| | धनी | विशेषण | |
| | धर्ति | नाम | |
| न | नआओस | क्रिया | |
| | नखाई | क्रियाविशेषण | |
| | नगरे | क्रियाविशेषण | |
| | नयाँ (२) | नाम | |
| | नाक | नाम | |
| | निस्कोस् | क्रिया | |
| | नोकर | नाम | |
| | नै (२) | निपात | |
| प | परे | क्रियाविशेषण | |
| | परीक्षा | नाम | |
| | पाउ | नाम | |
| | पानी | नाम | |
| | पापी | विशेषण | |
| | पूजा | नाम | |
| | पेटै | नाम | |
| | प्वाल | नाम | |
| | प्रशस्त | विशेषण | |
| | पृथ्वीं | नाम | |
| फ | फगत | क्रियाविशेषण | |
| | फल | नाम | |

| | | | |
|---|---|---|---|
| ब | बन्न | क्रियाविशेषण | |
| | बल | नाम | |
| | बत्तिस | विशेषण | |
| | बुद्धि | नाम | |
| भ | भर | नाम | |
| | भाग | नाम | |
| म | म (३) | सर्वनाम | |
| | मग्नमस्त | विशेषण | |
| | मन | नाम | |
| | ममता | नाम | |
| | मर्म | नाम | |
| | माता | नाम | |
| | मात्तिने | क्रियाविशेषण | |
| | मात्र | निपात | |
| | मिजास | नाम | |
| | मित्रता | नाम | |
| | मोचन | नाम | |
| य | यति (२) | नाम | |
| | यस (२) | सर्वनाम | |
| | यी | सर्वनाम | |
| र | रचना | नाम | |
| | राम्ररी | क्रियाविशेषण | |
| | रे (४) | निपात | |
| ल | लाउने (२) | क्रिया | |
| | लाञ्छना | नाम | |
| | लोभी | विशेषण | |
| व | विलाश | नाम | |
| स | सके (२) | क्रियाविशेषण | |
| | सदा | क्रियाविशेषण | |
| | सञ्चिता | नाम | |
| | सम्पति | नाम | |
| | समेटी | क्रियाविशेषण | |
| | सर्वत्र | क्रियाविशेषण | |
| | संसार | नाम | |
| | स्वाद | नाम | |
| | स्वावलम्बी | विशेषण | |
| | सार | नाम | |
| | सारा | विशेषण | |

| | | | |
|---|---|---|---|
| | सिर्जना | नाम | |
| | सीमा | नाम | |
| | सुगन्ध | नाम | |
| | सुत्न | क्रियाविशेषण | |
| | सुन्न | क्रियाविशेषण | |
| | स्रष्टा | नाम | |
| | सृष्टि | नाम | |
| ह | हात (२) | नाम | |
| | हाम्रा (२) | विशेषण | |
| | हुँदैन (२) | क्रिया | |
| | हुन्छु (२) | क्रिया | |
| | हुन् (२) | क्रिया | |
| | हेर्नुपर्छ | क्रिया | |
| | हो (४) | क्रिया | |
| | होइन (२) | क्रिया | |

यस कवितामा जम्मा १८१ वटा शब्दहरू छन् । यी शब्दहरूमध्ये नाम वर्गको शब्द ७५ वटा, सर्वनाम वर्गको शब्द १३ वटा, विशेषण वर्गको शब्द २२ वटा, क्रिया वर्गको शब्द ३७ वटा, क्रियाविशेषण वर्गको शब्द २४ तथा संयोजक वर्गको शब्द २ वटा र निपात वर्गका शब्दहरू ८ वटा रहेका छन् । कविले यस कवितामा नाम वर्गका शब्दहरू बढी प्रयोग गरेका छन् । त्यस्तै नामपछि क्रियाविषेशण र क्रियावर्गका शब्द बढी प्रयोग गरेका छन् । सबैभन्दा कम संयोजक वर्गको शब्द प्रयोग गरिएको यस कवितामा नामयोगी तथा विस्मयादिबोधक शब्दहरूको प्रयोग गरेका छैनन् ।

## ४.१.२ शब्दवर्गको आधारमा कक्षा दशको नेपाली किताबको वर्षा शीर्षकको कवितामा प्रयुक्त शब्दहरूको अध्ययन

यस किताबमा समावेश गरिएका कविताहरूमध्ये आठौँ पाठमा वर्षा शीर्षकको कविता समावेश गरिएको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाद्धारा रचित यस कवितामा चार हरफको एक श्लोक गरी जम्मा आठवटा श्लोकहरू छन् । यस कतितामा प्रयुक्त शब्दहरूलाई वर्णानुक्रम अनुसार तालिकाबद्ध गरिएको छ । अध्ययनमा शब्दवर्गको आधारलाई ग्रहण गरिएको छ ।

| वर्ण | शब्द | वर्ग | कैफियत |
|---|---|---|---|
| अ | अचल | विशेषण | |
| | अछूट | विशेषण | |
| | अटूट | विशेषण | |
| | अति | क्रियाविशेषण | |
| | अबेर | क्रियाविशेषण | |
| | अमित | विशेषण | |
| | अमृत (२) | नाम | |
| | अवनी | नाम | |
| | असारे | विशेषण | |
| आ | आइन् | क्रिया | |
| | आदेश | नाम | |
| | आनन्द | नाम | |
| | आशङ्का | नाम | |
| | आशमान | नाम | |
| इ | इच्छा | नाम | |
| उ | उठ | क्रिया | |
| ऊ | ऊठ | क्रिया | |
| ओ | ओर्ली | क्रियाविशेषण | |
| ऋ | ऋतु | नाम | |
| क | कनिका | नाम | |
| | कबुली | क्रियाविशेषण | |
| | कमिला | नाम | |
| | कल्पना | नाम | |
| | कलिली | विशेषण | |
| | कलिलिन् | क्रिया | |
| | कारुण्य | नाम | |
| | कुशल | विशेषण | |
| | केली | नाम | |
| ख | खोला | नाम | |

| | | | |
|---|---|---|---|
| ग | गगन | नाम | |
| | गर्जिदा | क्रियाविशेषण | |
| | गरजी | क्रियाविशेषण | |
| | गरी | क्रियाविशेषण | |
| | गरे | क्रियाविशेषण | |
| | गर्दा | क्रियाविशेषण | |
| | गाई | क्रियाविशेषण | |
| | गाओ | क्रिया | |
| | गाढा | विशेषण | |
| | गाना | नाम | |
| | गुड | नाम | |
| | गै (गई) | क्रियाबिशेषण | |
| घ | घटघट | क्रियाविशेषण | |
| | घर्षी | क्रियाविशेषण | |
| | घैँटा | नाम | |
| च | चकरिदो | विशेषण | |
| | चढी | क्रियाविशेषण | |
| | चदर | नाम | |
| | चपलवयसी | नाम | |
| | चल | विशेषण | |
| | चहाड | नाम | |
| | चाख | क्रिया | |
| | चाँडो | क्रियाविशेषण | |
| | चित्त | नाम | |
| | चिर | विशेषण | |
| | चिल | नाम | |
| | चुडिन | क्रियाविशेषण | |
| | चुली | नाम | |
| छ | छ | क्रिया | |
| | छन् (२) | क्रिया | |
| | छाना | नाम | |
| | छापिएर | क्रियाविशेषण | |
| ज | जन | नाम | |
| | जल | नाम | |
| | जरा | नाम | |
| | जाओ | क्रिया | |
| झ | झण्डा | नाम | |
| | झर्झराइन | क्रिया | |

| | | | |
|---|---|---|---|
| | झिल्के | क्रियाविशेषण | |
| | झिल्का | नाम | |
| | झोली | नाम | |
| त | तरु | नाम | |
| | तेसै (त्यसै) | विशेषण | |
| | तृण | नाम | |
| | त्रास | नाम | |
| थ | थर्कियो | क्रिया | |
| द | दर्के | क्रियाविशेषण | |
| | दरदर | क्रियाविशेषण | |
| | दलदल | क्रियाविशेषण | |
| | दाना | नाम | |
| | दुहिता | नाम | |
| | दूर | विशेषण | |
| | देखिदै | क्रियाविशेषण | |
| | दौरा | नाम | |
| | दृक | नाम | |
| ध | धरा (२) | नाम | |
| | धान | नाम | |
| | धूली | नाम | |
| न | नतरसुन | क्रिया | |
| | नपहिरी | क्रियाविशेषण | |
| | नाघिन् | क्रिया | |
| | नाची | क्रियाविशेषण | |
| | नाना | विशेषण | |
| | निधि | नाम | |
| | नील (२) | विशेषण | |
| प | पङ्ख | नाम | |
| | पाई | क्रियाविशेषण | |
| | पाउँछन् | क्रिया | |
| | पाउने छौँ | क्रिया | |
| | पाङ्ग्रा | नाम | |
| | पाछिन् | क्रिया | |
| | पारावार | नाम | |
| | पिच्छ | नाम | |
| | पीयूष | नाम | |
| | पोल्टो | नाम | |
| | पौडी | नाम | |

| | | | |
|---|---|---|---|
| | प्युन | क्रियाविशेषण | |
| | प्रकृति | नाम | |
| | प्रभु | नाम | |
| | प्राणी | नाम | |
| | प्राप्ति | नाम | |
| | पृथ्वी | नाम | |
| फ | फर्फर | क्रियाविशेषण | |
| | फल | नाम | |
| | फल्लिन् | क्रिया | |
| | फस्टिने छन् | क्रिया | |
| | फुट्छ | क्रिया | |
| | फूल | नाम | |
| | फैली | क्रियाविशेषण | |
| ब | बच्चाहरू | नाम | |
| | बर्षे | विशेषण | |
| | बहाड | नाम | |
| | बाली | नाम | |
| | बिजुली | नाम | |
| | बिज्जु | नाम | |
| | बुभ्न | क्रियाविशेषण | |
| | बेला | नाम | |
| भ | भन्न | क्रियाविशेषण | |
| | भर्दै | क्रियाविशेषण | |
| | भाइ | नाम | |
| | भारी | नाम | |
| | भाव | नाम | |
| | भुरभुर | क्रियाविशेषण | |
| | भो (भयो) | क्रिया | |
| | भै (भई) | क्रियाविशेषण | |
| म | मजुर | नाम | |
| | मन | नाम | |
| | मिलन | नाम | |
| | मीठा -मीठा | विशेषण | |
| | मुख (२) | नाम | |
| | मुस्कुराइन् | क्रिया | |
| | मेघ | नाम | |
| | मेरो | भेदक विशेषण | |
| | मोती (२) | नाम | |

| | | | |
|---|---|---|---|
| य | यति (२) | विशेषण | |
| | यो (४) | विशेषण | |
| | यौटा (एउटा) | विशेषण | |
| र | रङ्गधारे | क्रिया | |
| | रतन | नाम | |
| | रस (२) | नाम | |
| | रातो | विशेषण | |
| | राम्रा | विशेषण | |
| | राम्रो (२) | विशेषण | |
| | रोप्लान् | क्रिया | |
| ल | लच्किदा | क्रियाविशेषण | |
| | लत्रिदो | क्रियाविशेषण | |
| | लर्वर | क्रियाविशेषण | |
| | लहरी | क्रियाविशेषण | |
| | लाख | विशेषण | |
| | लाखा | विशेषण | |
| | लाखौँ | विशेषण | |
| | लाग्लिन् | क्रिया | |
| | लिएर | क्रियाविशेषण | |
| | लुङ (२) | नाम | |
| | लुट | नाम | |
| | लौ (३) | निपात | |
| व | वनै | नाम | |
| | वर्ष | नाम | |
| | वर्षा | नाम | |
| | वरषी | क्रियाविशेषण | |
| | वायुपंखी | विशेषण | |
| | विपट | नाम | |
| | विमान | नाम | |
| | वृक्ष | नाम | |
| श | शरद | नाम | |
| | शाख | नाम | |
| | शान | नाम | |
| | शिखर | नाम | |
| | शैल | नाम | |
| स | संगीत | नाम | |
| | स्नेह | नाम | |
| | संभिदा | क्रियाविशेषण | |

| | | | |
|---|---|---|---|
| | स्वर्ग (२) | नाम | |
| | सलिल (२) | नाम | |
| | साम्य | नाम | |
| | सारा | विशेषण | |
| | सुखजलधि | नाम | |
| | सम्झी | क्रियाविशेषण | |
| ह | हररर | क्रियाविशेषण | |
| | हलुका | विशेषण | |
| | ह्वैन | क्रिया | |
| | हुँदेन | क्रिया | |
| | है | निपात | |
| | हतार | नाम | |
| | होला | क्रिया | |
| | हुन्छ | क्रिया | |
| | हरा | विशेषण | |
| | हृदय | नाम | |
| | हो (४) | क्रिया | |

यस कवितामा कविले जम्मा २१९ वटा शब्दहरू प्रयोग गरेका छन् । यी शब्दहरूमध्ये नाम वर्गको शब्द १०२ वटा, विशेषण वर्गको शब्द ३६ वटा, क्रिया वर्गको शब्द ३३ वटा, क्रियाविशेषण वर्गको शब्द ४४, निपात वर्गको शब्द ४ वटा रहेका छन् । कविले यस कवितामा नाम वर्गका शब्दहरू बढी प्रयोग गरेका छन् भने सर्वनाम, नामयोगी, संयोजक तथा विस्मयादिबोधक वर्गका शब्दहरूको प्रयोग गरेका छैनन् ।

### ४.१.३ शब्दवर्गको आधारमा कक्षा दशको नेपाली किताबको म सडक बोल्दै छु शीर्षकको कवितामा प्रयुक्त शब्दहरूको अध्ययन

यस किताबमा समावेश गरिएका कविताहरूमध्ये चौधौँ पाठमा म सडक बोल्दै छु शीर्षकको कविता समावेश गरिएको छ । पारिजातद्धारा रचित यस कवितामा जम्मा चारवटा श्लोकहरू छन् । यस कतितामा प्रयुक्त शब्दहरूलाई वर्णानुक्रम अनुसार तालिकाबद्ध गरिएको छ । अध्ययनमा शब्द वर्गको आधारलाई ग्रहण गरिएको छ ।

| वर्ण | | वर्ग | कैफियत |
|---|---|---|---|
| अ | अथवा | संयोजक | |
| | अपेक्षा | नाम | |
| उ | उही | सर्वनाम | |
| ओ | ओडारे | विशेषण | |
| क | कम्मर | नाम | |
| | कवाज | नाम | |
| | कसैले (२) | सर्वनाम | |
| | कहिल्यै | क्रियाविशेषण | |
| | कुखुरा | नाम | |
| | कुद | क्रिया | |
| | कुरिनटार | नाम | |
| | किन | क्रियाविशेषण | |
| | किनकि | संयोजक | |
| ख | खत्तम | विशेषण | |
| | खसाल्ने | क्रियाविशेषण | |
| | खेल (३) | नाम | |
| ग | गर्ने | क्रियाविशेषण | |
| | गर्नेहरू | नाम | |
| | गरी | क्रियाविशेषण | |
| | गरिएको | क्रियाविशेषण | |
| | गाली | नाम | |
| | गीर | नाम | |
| | गुड | क्रिया | |
| | गुलामी | नाम | |
| घ | घाँटी | नाम | |
| | घुमफिर | नाम | |
| च | चटान | नाम | |
| | चालु | विशेषण | |

| | | | |
|---|---|---|---|
| | चिप्लेटी | नाम | |
| छ | छेकथुन | नाम | |
| | छैन | क्रिया | |
| ज | जसलाई | सर्वनाम | |
| | जस्तै | क्रियाविशेषण | |
| | जाने | क्रियाविशेषण | |
| | जिम्मेवार | विशेषण | |
| | जुधाउने | क्रियाविशेषण | |
| | जोगीमारा | नाम | |
| | जोडिएर | क्रियाविशेषण | |
| झ | झुर | विशेषण | |
| ट | ट्रक | नाम | |
| | ट्याङ्कर | नाम | |
| ड | डुब्न | क्रियाविशेषण | |
| ढ | ढुङ्गा | नाम | |
| त | तर्साउन | क्रियाविशेषण | |
| | तह | नाम | |
| | ताँती | नाम | |
| | तिमीहरू | सर्वनाम | |
| | त्रासद | विशेषण | |
| थ | थकित | विशेषण | |
| द | देखिन | क्रियाविशेषण | |
| न | नगर | क्रिया | |
| | नगरिएको | क्रियाविशेषण | |
| | नदी | नाम | |
| | नागढुङ्गा | नाम | |
| | निर्माण | नाम | |
| | निश्चल (२) | नाम | |
| प | पछ्याएर | क्रियाविशेषण | |
| | पन्छाएर | क्रियाविशेषण | |
| | पनि | संयोजक | |
| | पहाड | नाम | |
| | पहिरो | नाम | |
| | पानी | नाम | |
| | पास | नाम | |
| | पुरिइन् | क्रिया | |
| फ | फन्को | नाम | |
| | फूल | नाम | |

| | | | |
|---|---|---|---|
| | फेरि (२) | क्रियाविशेषण | |
| ब | बगेर | क्रियाविशेषण | |
| | ब्लास्टिङ | नाम | |
| | बस (३) | नाम | |
| | बाडी | नाम | |
| | बाँदरे | विशेषण | |
| | बाँधेर | क्रियाविशेषण | |
| | बेकाल | नाम | |
| | बोल्दै छु (२) | क्रिया | |
| भ | भएन | क्रिया | |
| | भन्नेहरू | नाम | |
| | भनेर | क्रियाविशेषण | |
| | भयो | क्रिया | |
| | भाँचिन्न | क्रिया | |
| | भीर (३) | नाम | |
| | भेल | नाम | |
| म | म (१०) | सर्वनाम | |
| | मर्ने | क्रियाविशेषण | |
| | मलाई (३) | सर्वनाम | |
| | माटो | नाम | |
| | माथि | नामयोगी | |
| | मान्छेहरू | नाम | |
| | मालबाहक | विशेषण | |
| | मारेर | क्रियाविशेषण | |
| | मात्र | निपात | |
| | मैले | सर्वनाम | |
